*"जलविद्युत, जडिबुटी, व्यवसायिक कृषि, पर्यटन र पूर्वाधार ।*
*सुशासन र समृद्ध नौमुले गाउँपालिकाको मुल आधार" ॥*

# नौमूले गाउँपालिका, दैलेख

## कर्णाली प्रदेश, नेपाल

आठौँ गाउँसभामा प्रस्तुत

# वार्षिक नीति तथा कार्यक्रम

## आ.ब. २०७८।०७९

प्रस्तोता :

**अमृता सिहं(उपाध्यक्ष)**

# नीति तथा कार्यक्रम :

यस गरिमामय गाउँसभाका सभाध्यक्ष महोदय,

प्रमुख अतिथिज्यू

बिशेष अतिथिज्यूहरु

सम्मानित सभाका सदस्य ज्यूहरु

राजनैतिक दलका प्रमुख प्रतिनिधि ज्यूहरु

सम्पूर्ण राष्ट्रसेवक कर्मचारीमित्रहरु

बुद्धिजीबी तथा समाजसेवी ज्यूहरु

बिभिन्न संघ महासंघ तथा संघसंस्थामा आबद्ध व्यक्तित्वहरु

पत्रकार मित्रहरु तथा अन्य उपस्थित सम्पुर्ण महानुभावहरु ।

यस नौमुले स्थानीय सरकारको उपाध्यक्षको हैसियतले यस सम्मानित सभामा आगामी आर्थिक वर्ष २०७८/०७९को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै गौरवान्वित भएको छु । आमुल परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । यसै गरि कोभिड १९ दोस्रो भेरियन्ट को विश्वब्यापी महामारीबाट मुलुक भित्र र बाहिर रहेका सम्पूर्ण नेपाली तथा नौमूलेबासी नागरिकहरु जसले अमूल्य जीवन गुमाउनु भयो, उहाँहरुप्रति समेत भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै उपचारत तथा संक्रमित सम्पूर्ण दिदिबहिनि तथा दाजुभाईहरु प्रति नौमूले गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

सभाध्यक्ष महोदय, अव म यस नौमुले स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०७८/०७९को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सभाध्यक्ष महोदय, हामी संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि **'समृद्ध नेपाल, सुखी नेपालीको** नारालाई आत्मसात गर्दै **'समृद्ध नौमूले, सुखी नौमुलेवासी'** को दीर्घकालीन उद्देश्यअनुरुप समतामूलक समाज निर्माण गर्दै समृद्धीतर्फको यात्रामा अघि बढिरहेको सन्दर्भमा म यस नौमुले स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न गैरहेको छु ।

१. यस नौमूले गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभूती गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागि गराउने, मागमा आधारित यस क्षेत्रको भूगोल सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरिवी न्युनीकरण गरी जनताको जीवनस्तरमा सुधार ल्याउने प्रमुख नीति लिएको छु। आर्थिक, समाजिक तथा शैक्षिक क्षेत्रको विकास र सुधार, पुर्वाधारहरुको विकास, दिगो विकासको अवधारणा अनुरुप वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सस्थागत क्षमतामा सुदृढिकरण, प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन कायम गर्न जनलेखा परिक्षण (सार्वजनिक सुनुवाई) तथा आम संञ्चारको माध्यमबाट विभिन्न गतिविधिहरुको सार्वजनिकिकरण गरी नौमूले गाउँपालिकालाई देशकै नमूना गाउँपालिकाको रुपमा विकास गर्ने मुल नीति लिएको छु

**सभा अध्यक्ष महोदय**

१. महामारीका कारण भइरहेको जनधनको को क्षति र जोखिमलाई मध्यनजर गर्दै गाउँपालिकाको सम्पुर्ण श्रोतसाधन र संयन्त्र परिचालन गरि पिसिआर, एन्टिजिन चेकजाँच, उपचार, अक्सिजन आपुर्ति स्वास्थ्य उपकरण, जनशक्ति परिचालन र औषधिको व्यवस्था सहित महामारीको न्युनीकरण तथा प्रतिकार्यमा कुनै कमी हुन नदिन गाउँपालिका हरपल प्रयत्नमा रहेको कुरा यस गरिमामय सभामा अवगत गराउन चाहान्छु

२. महामारीवाट पिडित गाउँ पालिका वासीहरुको जीवनस्तरमा क्रमश सुधार ल्याउन गाउँपालिका दृढ संकल्पित रहेकोछ ।

३. वित्तीय संघीयता अनुरुप विभिन्न तह र निकायबाट प्राप्त हुने अनुदान र राजस्वलाई प्राथमीकिकरण गरी बजेटका प्राथमिकता र उद्धेश्य हासिल हुने कार्यक्रममा लगानी केन्द्रित गरिएको छ । यो लगानीबाट उत्पादन तथा उत्पादकत्व वृद्धि, गरिवी न्यूनीकरण र रोजगारी तथा स्वरोजगारका अवसर वृद्धि गर्दै बढ्दो महामारीलाई नियन्त्रण तथा रोकथाम गरि समग्र गाउँपालिकाको विकास र सम्बृद्धिका लक्ष्य हासिल हुने अपेक्षा गरिएको छ ।

**सभाका सभाध्यक्षज्यू तथा सदस्य ज्युहरु**

४. आगामी आ.व. ०७८/०७९ को "स्वस्थ नौमूले सुखी नौमूले वासी" को लक्ष्य हासिल गर्ने मूल उद्देश्य रहनेछ भने अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन ।

- ✓ संक्रामक रोग लगायत सबै प्रकारका रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउँन १५ शैयाको पालिकास्तरीय अस्पताल निर्माण गरिस्वस्थ नौमूले बासीको परिकल्पना पुरा गर्ने ।
- ✓ बाँझो तथा कृर्षियोग्य जमिनको उपयोग गरि बाँझो जग्गामुक्त गाउँपालिका घोषणा गर्नका लागि कृषि तथा पशुपालनलाई महत्व दिई रोजगारी श्रृजना गरि नागरिकको जीवनस्तर उकास्नुका साथै उत्पादन र उत्पादकत्व बढाउने ।
- ✓ भौगोलिक विकटताले छाएको गाउँपालिकालाई प्रत्येक वडामा बाह्रै महिना सवारी साधन चल्न सक्ने गरी सडक स्तरोउन्नतीका लागि प्राथमिकता दिने |
- ✓ अति विपन्न र लक्षित वर्गहरुलाई राज्यको मुलधारमा समाहित गर्न विभिन्न लक्षित कार्यक्रम मार्फत शसक्तिकरण गरि समानता कायम गर्ने।
- ✓ कोरोना लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न स्वास्थ्य क्षेत्रलाई मेरुदण्ड मानी सबै किसिमका क्रियाकलाप संचालन गर्ने ।

५. नागरिकका लागि काम र रोजगारीका अवसर एवम सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्ने।

६. कृषि बाली तथा पशु उत्पादनलाई प्रोत्साहन गर्दै कृषि तथा पशुको उत्पादन बढाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्ने।

७. स्थानीय उपलव्ध स्रोत साधन,अवसर र क्षमताको अधिकतम उपयोग गरी गाउँपालिकाको सर्वपक्षीय विकास गर्ने ।

८. **एक घर एक करेसाबारी** को व्यवस्था गर्ने ।

२. शिक्षा मानव विकास गर्ने, मानवीय क्षमता प्रवर्द्धन गर्ने, रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना गर्ने, राष्ट्र तथा समाजको हितको लागि व्यक्तिको योगदान बढाउने, प्रचलित कुप्रथा एवं कुसंस्कारको अन्त्य गरी सभ्य समाज निर्माण गर्ने एवं व्यक्तिमा स्व-अनुशासन कायमगरी सामाजिक एकता एवं सदभाव कायम गर्ने महत्वपूर्ण माध्यम हो । विद्यालयहरुलाई आधुनिक सूचना प्रविधि मैत्री बनाउन स्रोत तथा साधनको व्यवस्था गर्ने र कोभिड महामारी कायमै रहे भर्चुअल माध्यमबाट कक्षा सञ्चालन गरी यस क्षेत्रको विद्यालय शिक्षाको पहुँच र गुणस्तर अभिबृद्धि गर्ने नीति लिएको छु ।

३. स्वास्थ्य, सरसफाई तथा खानेपानी आधारभूत मानवीय आवश्यकताका विषय हुन । यी विषयहरुलाई व्यवस्थित र गुणस्तरीय बनाउन यस नौमूले गाउँपालिकाको सम्पूर्ण क्षेत्र भित्र विभिन्न रचनात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ। यस गाउँपालिकाले लिएको 'एक घर एक करेसावारी' नितिलाई प्रभावकारी रुपमा अघि बढाउने र यसको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु। जनतालाई सहज र सुलभ ढंगले स्वास्थ्य सेवाको सुनिश्चितता गर्न प्रत्येक स्वास्थ्य संस्थामा दक्ष जनशक्ति ,पर्याप्त औषधि र उपकरणको व्यवस्था गरिनेछ ।

४. यस नौमूले गाउँपालिकाको सम्पूर्ण वडाहरुमा मोटरबाटोको पहुँच स्थापित गरिनेछ । ठूला तथा बढि लगानीको सडकहरुको विकास तथा स्तरोन्तीको लागि विभिन्न दातृनिकाय एवं संघ संस्थाहरुसंगको समन्वयमा कार्यक्रम सञ्चालन गर्न आवश्यक कदम लिने छु ।

५. कृषि तथा पशुजन्य पेशालाई व्यवस्थित एवं आधुनिकीकरण गर्दै लगिने छ । यसको लागि बिउ, मल तथा किटनाषक औषधी सहित कृषि प्राविधिक को व्यवस्था गर्ने नीति लिएको छु ।

**सभाध्यक्ष महोदय,**

६. **'हाम्रो नौमूले राम्रो नौमूले'** अभियान सहित यस गाउँपालिका क्षेत्र भित्र पर्यटन प्रवर्द्धन गर्न, पर्यटकीय क्षेत्रहरुको विकास तथा प्रचारप्रसार गर्न पर्यटकीय मार्गको विस्तार गर्ने तथा मौलिक कला,संस्कृति एवं प्राचिन महत्वका बस्तु तथा स्थानहरुको संरक्षण गर्ने नीति लिएकोछु। दैलेखकै सबैभन्दा अग्लो झरना 'द्धारी झरनाको' उचित व्यवस्थापन गरिने छ । यसको लागि सडक पहुचको विस्तार, होमस्टेको संचालन, पर्यटकको सुरक्षाको उचित व्यवस्थापन गर्ने नीति लिएको छु ।

७. यूवाहरुलाई गाउँभित्रै रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना गर्नका लागि अध्यक्ष रोजगार कार्यक्रम द्वारा स्थानीय सीप, स्रोत तथा साधनको प्रयोगगरि विकास निर्माण कार्यलाई अगाडी बढाउने नीति लिएको छु ।

८. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट दिईने सम्पूर्ण सेवाहरुलाई छिटो छरितो, भरपर्दो, गुणस्तरीय एवं नागरिकमैत्री बनाईनेछ । सेवालाई सूचना प्रविधिमैत्री बनाई विद्युतीय शासनको अवधारणा लागू गर्ने नीति लिएको छु । आगामी आ.व. ०७८।०७९ मा नै सम्पूर्ण वडा कार्यालयहरु र स्वास्थ्य चौकि, विद्यालय  लगायत सम्पूर्ण सरकारी कार्यालय हरुमा कम्प्युटरको व्यवस्थापन गरी इन्टरनेट जडान गरेर सुचना मैत्री बनाउने लक्ष्य लिएको छु ।

**सभाध्यक्ष महोदय,**

९. गाउँपालिका पदाधिकारीहरु, गाउं कार्यपालिका तथा वडा कार्यालयका कर्मचारीहरु एवं विषयगत निकायका कर्मचारीको क्षमता विकास गर्न विभिन्न खाले तालिम एवं सीप विकास सम्बन्धी गोष्ठीहरु आयोजना गर्ने एवं अन्य निकायसँग समन्वय गर्ने नीति लिएको छु ।

१०. सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी एवं व्यवस्थित गरिनेछ । बैकिङ्ग सुविधा विस्तार भए सँगै सामाजिक सुरक्षा भत्ता वितरण बैंक खाता मार्फत वितरण गर्न आवश्यक प्रकृया थालनी गरिने छ ।

११. केन्द्रिय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानलाई मितव्ययी ढगंबाट प्रयोग गरिनेछ । उत्पादनमुखी तथा छोटो समयमा प्रतिफल प्राप्त हुने खाले आयोजनाहरुको छनौट एवं कार्यान्वयन गरिनेछ । भ्रष्टाचार एवं अनियमितता अन्त्य गरी पारदर्शी प्रशासकीय कार्यविधि अपनाईने छ । सर्शत अनुदानलाई तत् तत् निकायमा लगाई उनीहरुको खर्च पारदर्शी बनाउन अनुगमन तथा नियमन गरिनेछ । वित्तिय समानिकरणको पुजिगत रकमको प्रभावकारी कार्यन्वयनको लागि ठुलो योजना र दिगो विकासलाई जोड दिइनेछ । साथै यि योजनाहरुको प्रभावकारी कार्यान्वयनको लागि ठेक्का प्रक्रियालाई जोड दिने नीति लिएको छु ।

१२. नौमूले गाउँपालिकाको सम्पूर्ण प्रशासनिक गतिविधिहरु, निणर्य प्रक्रियाहरु, एवं कार्यक्रमहरु पारदर्शी, सहभागितामुलक, जनमुखी, भ्रष्टाचार रहित एवं उत्पादनमुखी बनाईनेछ ।

१३. यस गाउँपालिका अन्तर्गत विभिन्न क्षेत्रमा कार्यरत कर्मचारीहरुको उच्च मनोवलका साथ तोकिएको जिम्मेवारी पुरागर्नुको साथै सेवाग्राहीलाई सुशासनको प्रत्याभुती हुनेगरी सेवाप्रवाहलाई गुणस्तरीय वनाउने वातावरण श्रृजना गरि कार्यसम्पादन मुल्याङ्कनको आधारमा उचित पुरस्कार र सम्मानको व्यस्था गरिने छ ।

१४. नवजात शिशु तथा सुत्केरी आमाको स्वास्थ्य बलियो बनाउन गर्भवती अवस्थामा पोषणयुक्त खानेकुरा तथा नियमित स्वास्थ्य चेकजाँचको व्यवस्था मिलाउने, किशोरीहरुको स्वास्थ्यमा विशेष ध्यान दिन किशोर किशोरीमैत्री सेवाप्रत्येक स्वास्थ्य संस्थाहरुमा संचालन गर्न नियमित प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने नीति लिएको छु। प्रत्येक गर्भवती महिलालाई स्वास्थ्य संस्थामा नै अनिवार्य सुत्केरी हुन प्रोत्साहित गरिनेछ। स्वास्थ्य संस्थामा दक्ष जनशक्तिको उचित व्यवस्थापन गरिने छ ।

१५. महिला, आदिवासी जनजाती, बृद्ध बृद्धा, दलित, अपांग, विपन्न एंव गरीव जनता आदिको संरक्षण एवं विकास गर्न सामाजिक न्यायको आधारमा स्रोत एवं सुविधाको समानुपातिक वितरणको व्यवस्था मिलाईने छ । पछाडी परेका वर्ग तथा समुदायलाई मुल प्रवाहिकरण गर्न संरक्षण, सशक्तिकरण एवं क्षमता विकासको कार्यक्रम संचालन गरिने रणनिती लिएको छु। यसको लागि सबै वर्ग, क्षेत्र र लिंगलाई समानुपातिक रुपमा आवश्यक बजेटको व्यवस्था गरिने छ ।

१६. **'उज्यालो नौमूले गाउंपालिका'** अभियानको प्रभावकारी कार्यान्वयन गर्न विद्युत क्षेत्रको विकास र विस्तार गरिने छ। साथै साना जलविद्युत उत्पादन तथा मझौला र ठूला जलविद्युत आयोजनाको निर्माण गाउँपालिकाको नीति अनूरुप गर्ने गरी व्यवस्था गरेको छु।

१७."हरियाली नौमूले वासी :हरियाली नौमूले अभियान" कार्यक्रम संचालन गरि लोहोरे तटीय क्षेत्रलाइ हरियाली बनाउने अभियान लाई निरन्तरता दिईनेछ |

१८. बैंकिङ्ग तथा वित्तीय क्षेत्रलाई यस गाउँपालिका क्षेत्र भित्र सहजरुपमा कारोबार गर्न आउने वातावरण निर्माण गर्ने तथा यस प्रयोजनका लागि प्रदेश तथा संघीय सरकारसँग माग गर्ने कार्यक्रम अघि बढाईएको छ । यो कार्यलाई तत्काल अघि बढाउने विशेष पहल गरिनेछ । यस गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण बहुउद्देशिय सहकारी सस्थाहरुलाई गाउँपालिकाको नीति अनूरुप परिचालन गरिनेछ। यसको लागि कामका आधारमा खारेजी,बचाउ र पुरस्कृत गर्ने नीति अवलम्बन गरिने छ ।

१९. .“राष्ट्रका लागि खेलकुद : स्वास्थ्यका लागि खेलकुद”भन्ने राष्ट्रिय नारालाई सार्थक तुल्याउन गाउँपालिका भित्रका नबयुवाहरुलाई खेलक्षेत्रमा प्रोत्साहन तथा उजागर गरि राष्ट्रिय स्तरका खेलाडीहरु उत्पादन गर्नका लागि गाउँपालिका स्तरीय गाउँपालिका अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन गरिने छ ।

२०. लैंगिक समानता, महिला सशक्तीकरण, तथा महिला सहभागिता वृद्धि गर्ने खालका कार्यकमहरुमा विशेष जोड दिईनेछ । घरेलु हिंसा अन्त्य गर्न क्षमता विकास, जनचेतनामुलक र आयमुलक कार्यक्रम संचालन गरिनेछ । यसको लागि महिला सशक्तीकरण गरिनेछ ।

२१. महिला, आदिबासी जनजाति, गरिव, विपन्न वर्ग, अपांङ्ग र जेष्ठ नागरिक केन्द्रित कार्यकमहरु सञ्चालन गरिनेछ । जेष्ठ नागरिकलाई सम्मान गर्नका लागि ज्येष्ठ नागरिक उपाध्यक्ष भेटघाट कार्यक्रम गरिनेछ।

२२. स्थानीय तहको न्याय प्रणालीलाई स्वच्छ, सक्षम, पारदर्शी तथा जवाफदेही बनाउन आवश्यक संस्थागत, संरचनागत तथा नीतिगत व्यवस्था गरिने छ ।

**सभाध्यक्ष महोदय**

२३. वालमैत्री कार्यकमहरु सञ्चालन गरी विद्यालयका अतिरिक्त घरपरिवार समुदायलाई समेत वाल सिकाइ केन्द्रको रुपमा विकास गर्ने नीति लिएको छु। सिकाई प्रक्रियालाई प्रभावकारी बनाउन सबै विद्यालयहरुमा अनिवार्यरुपमा ‘एक विद्यालय एक पुस्तकालय’ स्थापना गर्ने नीति लिएको छु । संचालनमा रहेका बालविकास केन्द्रहरुलाई प्रभावकारी रुपमा संचालनमा ल्याइने छ । यसको लागि आवश्यक जनशक्ति तथा पुर्वाधारहरुको विकास गरिनेछ ।

२४. वालविवाह गर्ने परम्परालाई न्युनिकरण गर्न जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, बालविवाह गर्ने परम्परालाई निरुत्साहित गर्ने, समाजमा उत्पन्न हुने विभेद, उत्पीडन, शोषण तथा अन्यायको अन्त्य गरि सामाजिक न्याय र समानता कायम गरिनेछ । बालविवाह गर्ने परम्परालाई घटाउन नौमूले गाउंपालिकामा रहेका मा.वि. स्तरीय विद्यालयमा अनिवार्य रुपमा आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२५. **<u>‘हाम्रो गाउँपालिका पूर्ण सरसफाईयुक्त गाउँपालिका’</u>** अभियान सञ्चालन गरिने छ । यस गाउँपालिकाका सबै वडाहरुमा पूर्ण सरसफाई मापदण्ड लागुगर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनुका साथै सार्वजनिक शौचालय निर्माण गर्ने र विद्यालयहरुमा पानी सहितको व्यवस्थित शौचालय निर्माणमा जोड दिईनेछ ।

२६. कर प्रणालीमा व्यवस्थित, करका दरहरुमा सुधार, तथा करको दायरा फराकिलो पारी गाउँपालिकालाई श्रोत तथा साधनले सम्पन्न बनाउन आवश्यक रणनीतिहरु तय गरेको छ। नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्मअनुरुप करका क्षेत्रहरुको पहिचान गरी कर राजश्वमा बृद्धि गरेर आत्मनिर्भरता तिर उन्मुख हुने नीति लिएको छु।

२७. नौमूले गाउँपालिकामा रहेका सम्पूर्ण जनतालाई प्राथमिक उपचारबाट लाभान्वित गराउन तथा स्वास्थ्य सेवालाई सरल, सुलभ, सहज र गुणस्तरीय बनाउन प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थामा सडक संजाल जोड्ने, जनशक्तिको व्यवस्थापन गर्ने, भौतिक संरचनाको विकास गर्ने, तथा नौमूले प्राथमिक स्वास्थ्य केन्द्र लाई स्तर उन्नति गरि कम्तिमा १५ शैयासम्मको एक सुविधा सम्पन्न अस्पताल स्थापना गरी ***"म स्वस्थ, मेरो परिवार स्वस्थ र मेरो गाउँपालिका स्वस्थ"***भन्ने नारा सफल बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिएको छु।

२८. नौमूले गाउंपालिका क्षेत्रभित्र रहेका उच्च पहीरो जोखीम क्षेत्रहरुको पहिचान गरी बृक्षारोपण मार्फत बाढी पहिरो नियन्त्रणको लागि एक वडा एक नर्सरी स्थापना गरी जोखिमयूक्त ठाउँमा विरुवा रोप्ने कार्यक्रम सञ्चालन गरिनेछ। त्यसै गरी बाढी पहिरो हुने भूक्षय नियन्त्रण गर्न र जोखिमयूक्त बस्तीमा नदि खोला नियन्त्रणको लागि आवश्यक तटबन्धन निर्माण कार्यलाई प्राथमिकता दिइने छ।

२९. सबै एन.जि.ओ, आइ.एन.जि.ओ.हरुले सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमहरु एकद्धार प्रणाली मार्फत गाउँ कार्यपालिकाको बैठकबाट पारित गरी गाउँ सभाबाट अनुमोदन गरेर गाउँपालिकाले तय गरेको नीति वमोजिम सञ्चालन हुने रणनीति लिएको छु। यसको लागि सम्पुर्ण सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग आवश्यक सहकार्य, समन्वय गरेर अगाडी बढाइने नीति लिएको छु।

३०. स्थानीय जडिबुटी प्रबर्धन गरी आयुर्वेद औषधालयको सेवालाई थप प्रभावकारी बनाइनेछ।

३१. विकासको पूर्वाधारको रुपमा रहेको शिक्षा, स्वास्थ्य, कृषि, सूचना प्रविधिको विकासमा सार्वजनिक, निजी, साझेदारीको अवधारणालाई विशेष रुपमा कार्यान्वयनमा ल्याउने नीति लिएको छु।

३२. नौमूले गाउँपालिकामा रहेका बिरामीहरुलाई २४ सै घण्टा ओसारपसार गर्नका लागि दुई वटा एम्बुलेन्सको व्यवस्था गरेको छु|

३३. नौमूले गाउँपालिका भित्रका ७० बर्ष माथिका ज्येष्ठ नागरिक ''क'' बर्गका अपाङ्ग बिरामी उपचारका लागि तथा गर्भवती महिलाहरुलाई सुत्केरी सेवा लिनका लागि गाउँपालिका बाहिर प्रेषण गर्नु पर्ने अवस्थामा निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ |

३४. न्यायिक समितिको कामलाई छिटो छरितो र व्यवस्थित बनाउनको लागि न्यायपालिका को कार्यक्रम र व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु|

३५. अपांग परिचय पत्रको आधारमा "ग" र "घ" बर्गका अपांगहरुको लागि समेत मासिक भत्ताको व्यवस्था गरेको छु |

३६. नौमूले गाउँपालिका वडा नं. ३ भित्रि खोला देखि तीनचुलेसम्म केबुल कार निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ |

३७. गाउँपालिकाको विकास निर्माणलाई अगाडी बढाउनका लागि गाउँपालिकाको भौगोलिक अध्ययन (Geographical Study of Rural Municipality) गरिनेछ |

३८. सुशासन जवाफदेहिता र पारदर्शिताका लागि सामाजिक लेखा परिक्षण र सार्बजनिक सुनुवाई जस्ता क्रियाकलापहरु संचालन गरिनेछ |

३९. पोषणयुक्त खानेकुरा उपभोग र प्रबर्धन गर्नका लागि "एक घर एक करेसाबारी" को नीति लिएको छु |

४०. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको लागि १२ दिने बराबरको पर्यटन काज खर्चको व्यवस्था गरिनेछ|

४१. गाउँपालिकामा कार्यरत हरेक कर्मचारीहरुको लागि दुर्घटना बिमा बापत रु. १० लाख बराबरको दुर्घटना बिमा रकमको व्यवस्था गरिनेछ |

४२. गाउँपालिकाभित्रका जेहेन्दार विद्यार्थीका लागि ३ बर्षे सब-इन्जिनियर कोर्ष अध्ययनका लागि एक जना छात्र र एक जना छात्रालाई निशूल्क छात्रवृतिको व्यवस्था गरेको छु |

४३. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्थाअद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

४४. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला

र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादितमहिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणापत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

४५. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजिक्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।

४६. बंगुर, खुखुरा,बाखा जस्ता छिटो प्रतिफल दिने पशु पन्छी पालनमा जोड दिई कृषक हरुलाई प्रोत्साहन र सहयोग गर्नका लागि समूह ,सहकारी वा फारम मार्फत अनुदान दिने व्यवस्था गरेको छु |

४७. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४८. कोभिड-१९ बाट मृत्यु भएका मृतकहरुको घरपरिवारलाई राहत स्वरूप बजेट व्यवस्था गरेको छु |

४९. मुटु, मृगौला, क्यान्सर जस्ता जटिल रोग भएका तथा बिपन्न बिरामीहरुलाई उपचारका लागि आर्थिक सहायताको व्यवस्था गरेको छु |

५०. नौमूले वासी सबै जनताको स्वास्थ्य सेवामा पहुच पुर्याउनका लागि दुर्गम र स्वास्थ्य सेवाको पहुच नपुगेका गाउँ टोलहरुमा क्रमश :सामुदायिक स्वास्थ्य ईकाई स्थापना गरि स्वास्थ्य सेवा प्रबाह गर्ने नीति लिएको छु |

५१. नौमूले गाउँपालिकाको केन्द्रमा रहेको श्री भैरब माध्यमिक विद्यालयमा संचालित एक मात्र कृषि प्राबिधिक शिक्षालय (कक्षा ९-१२) का लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ |

**सभाध्यक्ष महोदय**

यस नौमुले स्थानीय सरकारको नीतिहरु सफल बनाउनको लागि निम्नानुसारको मुख्य मुख्य आयोजना तथा कार्यक्रमहरु संचालन गरिनेछन :

१. सहकारी तथा सामुदायिक संस्था मार्फत व्यवसायिक कृषि तथा पशुपालन ।

२. स्वच्छ खानेपानी आधारभुत स्वास्थ्य सेवा सुविधा र सरसफाईसंग सम्बन्धित कार्यक्रमहरु सम्बन्धित निकायहरुसंग समन्वय गरि संचालन गर्ने ।

३. यस नौमूले गाउँपालिकाको समग्र क्षेत्र, शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी, संचार लगायत सम्पुर्ण क्षेत्रको विकासको लागि दीर्घकालिन गुरुयोजना बनाई लागु गरिनेछ ।

**सभाध्यक्ष महोदय**

अन्त्यमा, म अब गाउँपालिकाका नीति तथा कार्यक्रम तयारका क्रममा सल्लाह सुझाव प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, गाउँ सभाका सदस्य ज्यूहरु, विषयगत क्षेत्रका विज्ञहरु, विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरुमा हार्दिक आभार प्रकट गर्दछु । नीति कार्यक्रम तथा बजेट तयारीको लागि अहोरात्र खटिएका प्रमुख प्रशासकिय अधिकृत लगायत गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरु, विषयगत कार्यालय तथा शाखाका प्रमुखहरु, नागरिक समाजका वुद्धिजीविहरु सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधी ज्यूहरु र उपस्थित सम्पूर्ण महानुभावहरुमा समेत धन्यवाद ज्ञापनगर्दै प्रस्तुत नीति तथा कार्यक्रम स्विकृति पश्चात सफल कार्यान्वयनको लागि आ-आफ्नो क्षेत्रबाट रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

धन्यबाद ।

**अमृता सिहं**

मिति : २०७८ आषाढ ३० गते

गा.पा.उपाध्यक्ष
नौमुले गाउँपालिका, दैलेख
कर्णाली प्रदेश, नेपाल